# अल्पकालीन बीमाका कारण बीमालेख उच्च

**नेपाल समाचारपत्र, काठमाडौं**

म्यादी, लघु र वैदेशिक रोजगार बीमा लेखका कारण बीमाको पहुँच उच्च देखिएको छ। नेपाल बीमा प्राधिकरणले सार्वजनिक गरेको तथ्याङ्कअनुसार, चालू आर्थिक वर्ष २०८२/८३ को पहिलो चार महिना (कार्तिक मसान्तसम्म)मा बीमाको दायरा ४९.४८ प्रतिशत पुगेको छ, जुन गत आर्थिक वर्षको सोही अवधिमा ४२.९२ प्रतिशत मात्र थियो।

विशेष गरी सस्ता र छोटो अवधिका र बाध्यकारी त्यस्ता बीमालेखहरूका कारण नागरिकसम्म बीमाको पहुँच बढाएको देखिन्छ। प्राधिकरणका अनुसार कुल सक्रिय जीवन बीमालेखको सङ्ख्या १६. ३६ प्रतिशतले बढेर १ करोड ६० लाख ९३ हजार ४७८ ओटा पुगेको छ। यस्तै, कुल जारी जीवन बीमालेखको सङ्ख्या ३२.५४ प्रतिशतको वृद्धिसहित २ करोड ४२ लाख ९ हजार ४७ ओटा पुगेको छ। म्यादी तथा लघु म्यादी जीवन बीमालेखको सङ्ख्या २७.५१ प्रतिशतले बढेर ७७ लाख ४० हजार ५२२ र वैदेशिक रोजगार म्यादी बीमालेख १२.६९ प्रतिशतले बढेर २ करोड ४४ लाख ३ हजार ९० पुगेको छ।

उक्त अवधिमा कुल जीवन बीमाशुल्क सङ्कलन १८.६७ प्रतिशतले बढेर ६ खर्ब ३७ अर्ब २२ करोड ९० लाख रुपियाँ पुगेको छ, जसमा प्रथम बीमाशुल्क २९.०२ प्रतिशतको वृद्धिसहित १ खर्ब ४२ अर्ब नाघेको छ। निर्जीवन बीमाशुल्क सङ्कलन १२.९३ प्रतिशतले बढेर १६२ अर्ब १४ करोड पुगेको छ। समग्रमा कुल बीमाशुल्क सङ्कलन १७.४६ प्रतिशतले वृद्धि भई ७ अर्ब ९९ अर्ब ३७ करोड नाघेको छ।

बीमाको जनसङ्ख्या कभरेज नियमित जीवन बीमालेख मात्रलाई आधार मान्दा १७.९७ प्रतिशत, म्यादी तथा लघु म्यादीसमेत जोड्दा ४१.६३ प्रतिशत, वैदेशिक रोजगार म्यादीसमेत समावेश गर्दा ४९.४८ प्रतिशत पुगेको छ। त्यस्तै बीमा कम्पनीहरूको कुल कार्यालय सङ्ख्या ३ हजार पुगेको छ भने कर्मचारी सङ्ख्या ३.८७ प्रतिशतले बढेर १२ हजार २७५ पुगेको छ। बीमा क्षेत्रका जानकारहरूका अनुसार यो वृद्धि बीमा सचेतनाको अभिवृद्धि, मध्यम वर्गको विस्तार, वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्स र लघुबीमाको प्रवर्द्धनबाट प्रेरित छ। यस्तो ट्रेन्ड कायम रहेमा छिट्टै नै आधा जनसङ्ख्या बीमाको दायरामा आउने अनुमान गरिएको छ। तर, दीर्घकालीन स्थायित्वका लागि नवीकरण दरमा सुधार र दाबी भुक्तानीमा प्रभावकारिता आवश्यक रहेको विज्ञहरू बताउँछन्।

## जेन-जी आन्दोलनले ३३ सय ओटा बीमा दाबी

**नेपाल समाचारपत्र, काठमाडौं**

जेन-जी आन्दोलनका क्रममा भएको क्षतिबाट प्रभावित व्यवसायी तथा सर्वसाधारणको ३३ सय बीमा दाबी आवेदनमध्ये अधिकांश अझै प्रक्रियामै रहेका छन्। नेपाल बीमा प्राधिकरणका अनुसार ३३ सय आवेदनमार्फत् २३ अर्ब ४४ करोड रुपियाँ बराबरको बीमा क्षति दाबी परेको छ। जसमध्ये निर्जीवन बीमा कम्पनीहरूले अहिलेसम्म ४ अर्ब ३८ करोड ४७ लाख रुपियाँ मात्र भुक्तानी गरेका छन्। यो कुल दाबीको करिब १९ प्रतिशत मात्रै भुक्तानी भएको हो।

मंसिर तेस्रो सातासम्म सबैभन्दा बढी भुक्तानी गर्ने कम्पनीमा सिद्धार्थ प्रिमियर इन्स्योरेन्स रहेको छ। कम्पनीमा ४ सय ७६ दाबी आवेदनमार्फत ५ अर्ब ५३ करोड ५६ लाख रुपियाँको क्षति माग भए पनि १ अर्ब ६६ करोड ७८ लाख रुपियाँ भुक्तानी भइसकेको छ।

त्यस्तै शिखर इन्स्योरेन्सले २ अर्ब ४० करोड रुपियाँको दाबीमध्ये ७१ करोड ११ लाख रुपियाँ, आइजीआई प्रुडेन्सियलले २ अर्ब ८० करोड रुपियाँको दाबीमा ६६ करोड १ लाख रुपियाँ भुक्तानी गरेको छ। सगरमाथा लुम्बिनीले २० करोड ९९ लाख, नेको इन्स्योरेन्सले २२ करोड ५९ लाख भुक्तानी गरेका छन् भने हिमालयन एभरेष्ट, एनएलजी र नेपाल इन्स्योरेन्सले पनि करोडभन्दा बढी दाबी भुक्तानी गरिसकेका छन्। यता माइक्रो इन्स्योरेन्स कम्पनीहरूबाट भने लाख रुपियाँको सीमित भुक्तानी भएको छ। १८ ओटा निर्जीवन बीमा कम्पनीमध्ये राष्ट्रिय बीमा कम्पनीले भने अहिलेसम्म कुनै पनि दाबी भुक्तानी नगरेको तथ्याङ्कमा छ। कम्पनीमा ५८ करोड ६९ लाख रुपियाँ बराबरको दाबी परे पनि भुक्तानी भएको छैन। सम्पत्ति बीमा गर्नेहरूले सबैभन्दा बढी ३ अर्ब २१ करोड ८९ लाख रुपियाँ भुक्तानी पाएका छन्। दोस्रो स्थानमा मोटर बीमा रहेको छ, जसमा १ अर्ब ८ करोड ६० लाख रुपियाँ भुक्तानी भएको छ। इन्जिनियरिङ तथा ठेक्का जोखिम, परिवहन तथा अन्य बीमामा भने भुक्तानी न्युन देखिन्छ।

त्यस्तै प्रदेशगत रूपमा बागमती प्रदेशमा सबैभन्दा बढी ३ अर्ब ११ करोड रुपियाँ भुक्तानी भएको छ। आर्थिक गतिविधि केन्द्रित क्षेत्र भएकाले आन्दोलनको असर पनि यही प्रदेशमा बढी परेको देखिन्छ। त्यसपछि कोशीमा प्रदेश ६६ करोड, गण्डकीमा ३० करोड, लुम्बिनीमा १२ करोड, मधेसमा ८ करोड, सुदूरपश्चिममा ५ करोड हुँदै कर्णाली प्रदेशमा सबैभन्दा कम ३ करोड ३८ लाख रुपियाँ मात्र भुक्तानी भएको छ।

## आफ्नै बारीको सुन्तलाबाट लाखौं आम्दानी



**सीताराम अधिकारी, धादिङ**

युवाहरू विदेश पलायन हुँदा गाउँहरू खाली बन्दै गएका बेला धादिङको नीलकण्ठ नगरपालिका-२, सिउँदीबारका तोयनाथ अधिकारी (बद्री दाइ) ले आफ्नै बारीमा सुन्तला र जुनारको बगैँचा फुलाएर लाखौं आम्दानी गर्दै स्वदेशमै श्रमको सम्मान र आत्मनिर्भरताको उदाहरण प्रस्तुत गरेका छन्।

बद्री दाइको बगैंचामा पहेंलपुर लटरम्म फलेका जुनार र गुलिया सुन्तला देखेर जो कोहीको मन लोभिन्छ। बारीका पाटामा घुसुवा बालीका रूपमा लगाइएका मौसमी तथा बेमौसमी तरकारीहरू पनि उत्तिकै आकर्षक छन्। करिब २०० हाराहारी सुन्तला र जुनारका बोटहरू रहेको यो बगैंचामा पुराना बोट मर्दै र नयाँ बिरुवा थपिँदै जाने क्रम चलिरहेकाले ठ्याक्कै सङ्ख्या भन्न कठिन भए पनि उत्पादन भने उल्लेख्य छ।

अघिल्लो वर्ष मात्र सुन्तला र जुनार बिक्रीबाट करिब ५ लाख रुपियाँ आम्दानी गरेका बद्री दाइले यस वर्ष आधाभन्दा बढी सुन्तला बिक्री भइसकेको बताउँछन्। बाँकी फलफूल बिक्रीपछि पुसतिर यकिन हिसाब हुने भए पनि यस वर्ष ५ देखि ७ लाख रुपियाँसम्म कमाइ हुनेमा उनी ढुक्क छन्। फलफूलमा मात्र सीमित नरही अन्तरबालीका रूपमा तरकारी खेतीलाई पनि प्राथमिकता दिएका उनी बाह्रै महिना काउली, स्थानीय भन्टा, सागलगायत तरकारी उत्पादन गर्छन्। उत्पादनको विविधीकरणले जोखिम घटाएर आम्दानी स्थिर बनाएको उनको अनुभव छ।

१८-२० वर्ष लामो कृषि यात्रामा जीवनलाई कृषिमै समर्पण गर्ने दृढता लिएका बद्री दाईको योजना परिवारका सदस्यलाई पनि प्राविधिक रूपमा दक्ष बनाएर यो क्षेत्रमा अघि बढाउने छ। 'हाम्रो देशमा केही गर्न सकिँदैन भन्ने सोचलाई तोड्नुपर्छ,' उनी भन्छन्-'कृषि, पर्यटन, जलविद्युत् र उत्खनन सबैमा अपार सम्भावना छन्, आवश्यक भनेको सदुपयोग हो।' सीप र दक्षता भए स्वदेशमै राम्रो गर्न सकिने र योजनाबद्ध रूपमा अघि बढे कृषिमा ठूलो सम्भावना रहेको उनी बताउँछन्। तर, नीतिगत कमजोरी, समयमा बीउ-मल नपाइनु, प्राविधिक जनशक्तिको कमी र ग्रामीण सडकको कमजोर अवस्थाले किसानलाई हैरान बनाएको उनको अनुभव छ।

## गोरखा ब्रुअरी खाली सीसीबीच सहकार्य

**काठमाडौं, (नेस)**

गोरखा ब्रुअरीले बोतलको पुन:प्रयोग प्रक्रियालाई सहज बनाउने उद्देश्यसहित नयाँ अभियान अघि सारेको छ। 'नेभर लिभ ए बोटल बिहाइन्ड' भन्ने नारासहित खाली सीसीसँगको सहकार्यमा सो अभियान सुरु गरिएको हो।

अभियानअन्तर्गत खाली सीसीले बार र रेस्टुरेन्टहरूसँग प्रत्यक्ष समन्वय गर्दै प्रयोग भइसकेका बोतललाई व्यवस्थित रूपमा सङ्कलन, छुट्याउने र पुन:प्रयोगको प्रक्रियामा पठाउनेछ। यसबाट बोतल व्यवस्थापन सुलभ हुने र पुन:प्रयोग गर्न सकिने गिलास ल्यान्डफिलसम्म नपुग्ने गरी उल्लेखनीय कमी आउने कम्पनीले जनाएको छ।

**नाम परिवर्तन गरिएको सूचना**

यस कम्पनीको मिति २०८२/०७/०९ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविकको कम्पनी **आशिर्वाद प्रोडक्सन होम प्रा.लि.** (प्रा.लि.नं. ४८१०६) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०७/११ गतेको निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **आशिर्बाद ट्रेड लिंक प्रा.लि.** कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**Gandaki Province Government**
**Ministry of Physical Infrastructure Development & Transport Management**
**Infrastructure Development Office, Syangja**

**Invitation for Bids**

**Date of Publication: 2082-08-29 (2025 December 15)**

Infrastructure Development Office, Syangja invites **online bids** under e-procurement system from eligible bidders for the construction of the projects mentioned below under National Competitive Bidding procedures.

| S.No. | Name of Project | Contract ID | Estimated Cost in NRs. (Inclusive of VAT and PS) | Bid Security (NRs) | Remarks |
|---|---|---|---|---|---|
| 1 | Bhanjyang Bahu Biruwa Sadak Staronnati Biruwa 4,5,1 Ra Gairisahara Chisapani Sadak Staronnati Harinas Ga. Pa. 2, Syangja | IDOSYANGJA/NCB/W/R/47/082/83 | 4,865,776.71 | 125,000.00 | |
| 2 | Damachaur Hilamarang Ghurpal Dagdi Kyakmi Chitrebhanjyang Bhimad Sadak Staronnati (Dosro Khanda) Syangja | IDOSYANGJA/NCB/W/R/48/082/83 | 4,868,915.41 | 125,000.00 | |
| 3 | Ramaligaun Lamdada Bhulaichaur Sadak Staronnati Chapakot 4 Ra Fere Bitdada Ramdada Wada Karyalaya Jodne Sadak Staronnati Chapakot 5, Syangja | IDOSYANGJA/NCB/W/R/49/082/83 | 4,867,572.95 | 125,000.00 | |
| 4 | Thulibhanjyang Tarukdanda Pipaldanda Kavre Saune, Parbat Jodne Sadak Staronnati Bhirkot 09 Syangja | IDOSYANGJA/NCB/W/R/50/082/83 | 4,869,000.27 | 125,000.00 | |
| 5 | Beshikhet Krishi Sadak Hudai Parbat Jodne Sadak Staronnati Bhirkot 9 Ra Jaisithar Purane Aagan Danda Hudai Tilahar Sadak Staronnati Syangja | IDOSYANGJA/NCB/W/R/51/082/83 | 4,869,556.30 | 125,000.00 | |
| 6 | Ujelidanda Salghari Gerudanda Sadak Staronnati Bhirkot 8 Ra Rimalfedi-Gahate Motorbato Staronnati Arjunchaupari 3 | IDOSYANGJA/NCB/W/R/52/082/83 | 4,869,604.23 | 125,000.00 | |
| 7 | Gautamdanda Sinkhre Sadak Staronnati Waling Na. Pa. 13 Ra Khanepani Tyanki Hudai Shasastra Base Camp Sadak Staronnati Waling Nagarpalika Wada 8, Syangja | IDOSYANGJA/NCB/W/R/53/082/83 | 4,869,570.52 | 125,000.00 | |
| 8 | Katauje Pani Tyanki Dekhi Sashastra Base Camp Sammako Sadak Staronnati Waling Na. Pa. 08 Ra Hatiyapato Dekhi Jogithum Chauparimathi Sammako Sadak Staronnati Waling Na. Pa. 11 | IDOSYANGJA/NCB/W/R/54/082/83 | 4,868,705.16 | 125,000.00 | |
| 9 | Bharlakhola Bhutekhahera Ewadi Ranakhola Sadak Staronnati Waling 1 Ra Faudikhola Bhanjyang Dahapokhari Maidan Ghurukha Akaladevi Mandir Sadak Staronnati Waling Nagarpalika Syangja | IDOSYANGJA/NCB/W/R/56/082/83 | 4,869,571.54 | 125,000.00 | |
| 10 | Jhairenidekhi Asaresamma Sadak Staronnati- Arjunchaupari Aagrikharka Lukhudeurali Jodne Motorbato, Arjunchaupari 3 Syangja | IDOSYANGJA/NCB/W/R/57/082/83 | 4,870,385.37 | 125,000.00 | |
| 11 | Arjunchaupari Salyan Parbat Jodne Sadak Staronnati Arjunchaupari Ra Darauhile Sadak Staronnati Arjunchaupari 6 Ra Arjunchaupari Sahare Sadak Staronnati Arjunchaupari 1, Syangja | IDOSYANGJA/NCB/W/R/58/082/83 | 4,870,157.33 | 125,000.00 | |
| 12 | Biruwa-Chandipur Ghumti Sadak Staronnati ra Bairake- Keware- Gothedanda Sadak Dhalan Tatha Staronnati Arjunchaupari 6 | IDOSYANGJA/NCB/W/R/59/082/83 | 4,870,524.99 | 125,000.00 | |
| 13 | Alchhikhola Rani Pokhari Hudai Chhangchhangdi Jane Bhirkot Ringroad | IDOSYANGJA/NCB/W/R/60/082/83 | 6,817,888.26 | 175,000.00 | |
| 14 | Ghumti-Jyamire-Chisapani Sadak Marmat Sambhar, Putalibazar Na.Pa., Syangja | IDOSYANGJA/NCB/W/R/61/082/83 | 2,414,922.16 | 63,000.00 | |

Last Date of Bid Submission for NCB : **2082-09-30 (2026 January 14), 12:00 P.M.**
All other information and Bid Documents can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

**Office Chief**
**IDO Syangja**

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित । कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं । पोबनं २०४५ । फोनः ५३६११७९ । फ्याक्सः ४३१८९९०। Email: nepalsamacharpatra@gmail.com । प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ । सम्पादकः सागर पण्डित